श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१क) ले दिएको अधिकार प्रयोग गरी काठमाडौं जिल्ला अन्तर्गत पर्ने शेषनारायण, दक्षिणकाली, सेतीदेवी, टुल्कु दुडेचौर र छैमले गाउँ विकास समितिहरूमा देखिएको जग्गा दर्ता सम्बन्धी समस्या समाधान गर्न देहायबमोजिमको एक समिति गठन गरी समितिको काम, कर्तव्य, अधिकार र कार्यविधि देहायबमोजिम तोकेको छ ।

१. समितिको गठन : (१) समितिको गठन देहायबमोजिम हुनेछ :–

(क) अधिवक्ता श्री ओमप्रसाद थपलिया, काठमाडौं – अध्यक्ष

(ख) श्री गणेशलाल मानन्धर, शेषनारायण –२ – सदस्य

(ग) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, काठमाडौ – सदस्य

(घ) नापी अधिकृत, नापी शाखा कलंकी – सदस्य

(ङ) मालपोत अधिकृत श्री शत्रुघनप्रसाद पुडासैनी, मालपोत कार्यालय कलंकी सदस्य-सचिव

(२) समितिले सम्बन्धित गाउँ विकास समितिका अध्यक्ष तथा वडा अध्यक्षलाई आवश्यकतानुसार समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

२. समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) शुरू नापीको अवस्थामा फिल्डबुकमा जग्गाधनी महल खाली वा बेनिस्सा जनिई मोही महलमा नाम उल्लेख भएको आधारमा सम्बन्धित व्यक्ति वा निजको हकदारका नाउँमा भोग बमोजिम दर्ता गरिदिने ।

(ख) नापीको अवस्थामा व्यक्ति विशेषको खान्की वा विर्ता जनिएको जग्गा सम्बन्धमा सम्बन्धित भोगवाला वा निजको हकदारको नाउँमा भोग बमोजिम दर्ता गरिदिने । तर ख. श्रेणीको विर्ता जग्गा विर्तावालाले ऐनको म्याद भित्रै रैकर परिणत दर्ता गर्न निवेदन गरेको अवस्था रहेछ भने त्यस्तो जग्गामा यस समितिले निर्णय गर्ने छैन ।

(ग) फिल्डबुकमा गुठी जनिएको जग्गा सम्बन्धित गुठीका नाउँमा दर्ता गरी मोही कायम गर्न सम्बन्धित गुठी कार्यालयमा लेखी पठाई दिने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८१

(घ) माथि उल्लेख भए अनुसार जग्गा दर्ताको क्रममा कसैको तर्फबाट साबिक सनद, सवाल, बहालपूर्जि आदेश वा यस्तै हक अधिकारसम्बन्धी कागजात पेश हुन आएमा सोको छानबिन गरी निर्णय दिने अधिकार समेत समितिलाई हुनेछ ।

(ङ) समितिको क्षेत्रभित्र पर्ने (गाउँ विकास समितिहरूको) नम्बरी जग्गा बाहेक अन्य समितिसँग सम्बन्धित हुने जग्गादर्ता सम्बन्धी मिसिल कागजातहरू मालपोत कार्यालय कलंकीबाट झिकाई आवश्यक निर्णय गर्ने ।

(च) घरसारमा भएका लिखतको आधारमा हक हस्तान्तरण भई भोगचलन गरी रहेको अवस्था रहेछ भने प्रचलित कानूनबमोजिम सम्बन्धित व्यक्तिको नाउँमा दर्ता गरिदिने ।

(छ) जग्गा दर्ताको क्रममा निवेदन लिने, सूचना प्रकाशन गर्ने, सर्जमिन गर्ने, सांधसँधियार बुझ्ने लगायतका कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

(ज) उपरोक्त बाहेक सरकारी तथा सार्वजनिक प्रकृतिका जग्गाहरू व्यक्ति विशेषको नाउँमा यस समितिले दर्ता गर्न सक्ने छैन । तर त्यस्ता जग्गाहरू मालपोत कार्यालयहरूबाट श्री ५ को सरकारको नाउँमा दर्ता भै सकेको रहेनछ भने यस समितिले श्री ५ को सरकारका नाउँमा दर्ता गरिदिनेछ ।

(झ) समितिबाट भए गरेको जग्गा दर्ता श्रेस्ता तथा मिसिल कागजहरू सम्बन्धित मालपोत कार्यालय र नापी शाखामा बुझाउनु पर्नेछ ।

३. समितिको कार्यावधिः समितिको कार्यावधि काम प्रारम्भ भएको मितिले ३ (तीन) महिनाको हुनेछ ।

आज्ञाले,

ललितबहादुर बम

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।